वर्ष ६, अंक ५, भदौ

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्




# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन

**नेपाल प्रहरी प्रधान कार्यालय**

**अपराध अनुसन्धान विभाग**

''वस्तुनिष्ठ अपराध अनुसन्धान मानव अधिकारको सम्मान''

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. टेक बहादुर तामाङ

**सल्लाहकार**
प्र.ना.म.नि. सुरेन्द्र प्रसाद मैनाली
प्र.ब.उ. मोहन प्रसाद पोखरेल
प्र.उ. बिनोद सिलवाल

**सम्पादक मण्डल**
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत
प्र.ज. भावना चन्द

**ले-आउट/ग्राफिक्स**
प्र.ज. भावना चन्द

विभागीय गतिविधि १ – ३
अपराध तथ्याङ्क ४ – ९
प्रहरी सेवा प्रवाह १० –१२
खोजतलास तथा समन्वय १३
अपराध अनुसन्धानमा सहायता प्रदान १४ –१५
अपराध समाचार १६–२०
उत्कृष्ट अनुसन्धान २१

# समुदाय-प्रहरी साझेदारी

शान्तिपूर्ण एवम् सुरक्षित समाजका लागि

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

WORLD SUICIDE PREVENTION DAY 10 SEP

'Take a Minute, Change a Life'

**उद्धार तथा सहयोगको लागि:**

"नियमित व्यायाम, सन्तुलित आहारविहार र स्वस्थ व्यवहार, सन्तुलित मानसिक स्वास्थ्यको आधार"

## "आशा बढाऔं, आत्महत्या रोकौं"

'Creating Hope Through Action'

### आत्महत्या रोकथामका उपायहरु

- आत्महत्या सम्बन्धी सोचाई उत्पन्न भएमा स्वयम्ले तत्काल कसैसँग अभिव्यक्त गर्ने
- सन्तुलित आहार र स्वस्थ व्यवहार
- शारीरिक व्यायाम, योग र ध्यान
- जोखिमयुक्त साधनको पहुँचबाट टाढा
- माया र हेरविचार (Love and Care)
- लागुऔषध र मादक पदार्थ सेवनबाट टाढा
- आत्महत्या सम्बन्धी समाचार सम्प्रेषणमा संवेदनशीलता
- मनोचिकित्सक वा मनोसामाजिक परामर्श

नेपाल प्रहरी : १००

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग ,नक्साल

सम्पर्क नं. ०१-४४१२७४८

हेलो ११६६

आत्महत्या गर्ने सोच आएमा

राष्ट्रिय आत्महत्या रोकथाम हेल्प लाईन ११६६ मा सम्पर्क गरी परामर्श लिनुहोस् ।

यो सेवा २४ सै घण्टा नि:शुल्क उपलब्ध छ ।

# समुदाय-प्रहरी साझेदारी

शान्तिपूर्ण एवं सुरक्षित समाजका लागि

## 'आशा बढाऔं, आत्महत्या रोकौं'

'Creating Hope Through Action'

WORLD SUICIDE PREVENTION DAY 10 SEP

"नियमित व्यायाम, सन्तुलित आहारविहार र स्वस्थ व्यवहार, सन्तुलित मानसिक स्वास्थ्यको आधार"

- आत्महत्या दु:खद दुर्घटना र अकाल मृत्यु हो ।
- आत्महत्या अन्य रोग जस्तै एउटा गम्भीर मानसिक स्वास्थ्य समस्या हो जसले व्यक्ति, परिवार र समाजलाई दीर्घकालीन रुपमा नकारात्मक असर पार्दछ ।
- आत्महत्याको जोखिममा रहेका व्यक्तिहरुको ख्याल राखेर, कुरा सुनेर, सहयोग गरेर आत्महत्या रोकथाम गर्न सकिन्छ ।

### आत्महत्या र मानसिक रोग

TAKE A MINUTE, CHANGE A LIFE

- ९० प्रतिशत आत्महत्या मानसिक रोगको कारणले हुने गरेको अध्ययनबाट देखिएको छ ।
- कुनै व्यक्तिको बानी व्यवहारमा परिवर्तन, भावनात्मक रुपले अस्थिर तथा सोच विचारमा परिवर्तन भई दैनिक क्रियाकलापमा असर पर्न गएमा उसलाई मानसिक समस्या वा मानसिक रोग भएको हुनसक्छ ।
- मनोसामाजिक तत्वहरुबाट समेत यो समस्या सिर्जना हुने देखिएको छ ।
- परिवारका कुनै सदस्यमा मानसिक रोगको लक्षण देखिएमा तत्काल उपचारको पद्धतिमा राख्नु पर्दछ ।

## मानसिक तनावबाट मुक्त हुन निम्न उपायहरु अपनाऔं

- आफ्ना मनमा लागेका कुराहरु परिवार एवम् साथीहरुसँग खुलेर कुरा गर्ने,
- पर्याप्त मात्रामा निद्रा पुरा गर्ने,
- स्वस्थ र सन्तुलित खानेकुरा खाने,
- दैनिक शारीरिक व्यायाम गर्ने वा खेल खेल्ने,
- योग अभ्यास तथा ध्यान गर्ने,



- आफ्नो काममा रमाएर व्यस्त रहने,
- तनाव एवम् मानसिक समस्या सिर्जना भएमा मनोपरामर्शदाता तथा मनोचिकित्सकसँग परामर्श गर्ने,
- मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी हुने,
- मादक पदार्थ र लागुऔषधको सेवन नगर्ने।



## आत्महत्या कसरी रोकथाम गर्न सकिन्छ ?

- आत्महत्याको जोखिम भएका व्यक्तिसँग आत्मीय व्यवहार गरौं,
- मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिको मनको कुरा ध्यान दिएर सुनौं,
- मानसिक स्वास्थ्य समस्या भएको व्यक्तिलाई अप्ठ्यारो अवस्थाबाट सुरक्षीत अवस्थामा पुर्याउन सहयोग गरौं,
- सामाजिक मनोविमर्शकर्ता वा मनोचिकित्सकसँग परामर्शमा लैजाऔं तथा उपचारको लागि संवेदनशील रहौं,
- विषादी, डोरी, घातक हतियारहरु मानसिक समस्या भएका व्यक्तिहरुको पहुँचबाट टाढा राखौं,
- आमसञ्चार माध्यमहरुले आत्महत्या घटनाको समाचार सम्प्रेषण गर्दा संवेदनशील बनौं,
- मानसिक स्वास्थ्य समस्या भएको व्यक्तिहरु विरुद्ध हुने हिंसा तथा विभेद रोकौं र संकटबाट उद्धार गरौं,
- मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुमा समुन्नत जीवनको आशा जगाऔं।

---

उद्धार तथा सहयोगको लागि
नेपाल प्रहरी: १००

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, नक्शाल
सम्पर्क नं. ०१-४४१२७४८




आत्महत्याको सोच आएमा
राष्ट्रिय आत्महत्या रोकथाम हेल्प लाईन ११६६ मा सम्पर्क गरी परामर्श लिनुहोस्।
यो सेवा २४ सै घण्टा निःशुल्क उपलब्ध छ।

**लैंगिक हिंसा सम्बन्धी गुनासोका लागि**

DIAL 100

बालबालिका सम्बन्धी 104

/NepalPolicePHQ

तपाईको सुरक्षा र गोपनियता हाम्रो जिम्मेवारी हो।

@
nepolwcsd@gmail.com
operation@nepalpolice.gov.np

Nepal Police Mobile App

# विभागीय गतिविधि

## ईन्टरपोलको पहिलो शत वार्षिकी एवं पहिलो अन्तर्राष्ट्रिय दिवस समारोह



***काठमाडौं, २१ भदौ***




प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अन्तर्राष्ट्रिय संगठित अपराध, साइबर अपराध, आतंकवाद लगायतका बहुआयमिक चुनौतिलाई सम्बोधन गर्न विश्वव्यापी, क्षेत्रीय र उप-क्षेत्रीय स्तरहरूमा सुदृढ अन्तर्राष्ट्रिय सहयोग र समन्वय आवश्यक रहेको बताउनुभएको छ । इन्टरपोल स्थापनाको शताब्दी दिवसको अवसरमा सेप्टेम्बर ७ लाई अन्तर्राष्ट्रिय प्रहरी समन्वय दिवस मनाउने घोषणा गरिए अनुरूप नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले उक्त कुरा बताउनुभएको हो । सो अवसरमा प्रधानमन्त्री दाहालले समारोहलाई दिप प्रज्वलन गरी विधिवत रूपमा उद्घाटन गरी विशेष संस्मरणात्मक आवरणमा टाँचा लगाउनुका साथै 'इन्टरपोल कफि टेबल बुक' विमोचन समेत गर्नुभयो । प्रधानमन्त्री दाहालले डिजिटल युगमा प्रविधिको दुरूपयोगबाट भएका अपराधिक क्रियाकलापहरूलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय प्रहरी सहयोगको विशेष महत्त्व हुने बताउनुहुँदै यस्ता अपराधिक क्रियाकलापलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न आपसी सूचना आदान प्रदान हुनुपर्ने उल्लेख गर्नुभयो । नागरिकहरू भय र शोषणबाट मुक्त हुन सक्ने वातावरण सिर्जना गर्न सबै सुरक्षा निकाय मिलेर काम गर्नुपर्ने चर्चा गर्दै मानवअधिकारको संरक्षणलाई प्राथमिकतामा राखी र न्याय, निष्पक्षता र उत्तरदायित्वका सिद्धान्तहरू पालना गरी कानून कार्यान्वयनको सुनिश्चित गर्दै कानून कार्यान्वयन गर्ने निकाय र समुदायबीच विश्वास निर्माण गर्न आवश्यक रहेको बताउनुभयो । प्रधानमन्त्री दाहालले इन्टरपोलसँगको साझेदारीमा नेपाल प्रहरीको उपलब्धी र योगदानको स्मरण गर्ने 'इन्टरपोल कफि टेबल बुक' सार्वजनिक गरिएको चर्चा गर्नुहुँदै पुस्तक प्रहरीको कडा परिश्रम र व्यावसायिकताको प्रमाण भएको बताउनुभयो । कानून र व्यवस्था कायम राख्न, अन्तर्राष्ट्रिय अपराधसँग लड्न र नागरिकहरूको सुरक्षा सुनिश्चित गर्न नेपाल प्रहरीका प्रयासहरू उक्त पुस्तकले प्रदर्शन गरेको बताउनुहुँदै 'विशेष संस्मरणात्मक आवरण' जारी गर्नाले नेपाल र इन्टरपोलबीचको बलियो सम्बन्धको प्रतीक, विश्वव्यापी अपराध विरुद्धको लडाईंमा आवश्यक एकता र सहकार्यको प्रतिनिधित्व गरेको उल्लेख गर्नुभयो । समारोहमा उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले अन्तर्राष्ट्रिय अपराध र आतंकवाद विरुद्धको विश्वव्यापी लडाईमा इन्टरपोल अमूल्य साझेदार भएको बताउनुहुँदै अन्तर्राष्ट्रिय प्रहरी सहयोग अभिवृद्धि गर्न, महत्वपूर्ण सूचनाको आदान प्रदानलाई सहज बनाउन महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।




नेपाल प्रहरीले कानून कार्यान्वयन गर्दै शान्ति सुव्यवस्था कायम राख्न निर्वाह गरेको भूमिका प्रशंसनीय रहेको उल्लेख गर्नुहुँदै एनसिबी काठमाडौंले अन्तर्राष्ट्रिय अपराध, मानव बेचबिखन, लागूऔषध ओसारपसार र अन्य गैरकानूनी गतिविधिहरु विरुद्ध लड्न अथक प्रयास गरिरहेको चर्चा गर्नुभयो । अन्तर्राष्ट्रिय प्रहरी सहयोगलाई सुदृढ गर्ने हाम्रो प्रतिबद्धता रहेको बताउनुहुँदै नेपाल सरकार र सम्बद्ध निकायहरू अन्तर्राष्ट्रिय सहयोगी र साझेदारहरूसँग समन्वय अभिवृद्धि गर्न दृढ संकल्पित रहेको उल्लेख गर्नुभयो । कार्यक्रममा National Central Bureau (NCB) काठमाडौं नेपालका प्रमुख प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले धन्यवाद ज्ञापन गर्नुहुँदै अन्तर्राष्ट्रिय अपराध विरुद्ध लड्न अन्तर्राष्ट्रिय समुदायबाट पनि प्रतिबद्धता आवश्यक रहेको बताउनुभयो ।




मानव बेचबिखन, साइबर अपराध, आतंकवाद, लागूपदार्थ ओसार पसार जस्ता क्रियाकलापलाई नियन्त्रण गर्न यस्तो प्रतिबद्धता महत्त्वपूर्ण रहने चर्चा गर्दै सबै राष्ट्रहरूबीच आपसी सहयोग, सूचनाको आदान प्रदान एवम् समन्वय हुनुपर्ने उल्लेख गर्नुभयो । प्रहरी महानिरीक्षक कुँवरले विश्वमा नयाँ सुरक्षा खतराहरूलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय प्रहरी सहयोग महत्त्वपूर्ण रहेको चर्चा गर्नुहुँदै 'ग्लोबल भिलेज' को अवधारणाले अन्तर्राष्ट्रिय अपराध विरूद्ध प्रभावकारी रूपमा लड्नका लागि कानून कार्यान्वयन गर्ने निकायबीचको सहकार्यको आवश्यकतामा जोड दिनुभयो । अन्तर्राष्ट्रिय प्रहरी सहयोग दिवसले पनि प्रहरीमा महिलाको महत्वपूर्ण भूमिकालाई उजागर गरेको उल्लेख गर्नुहुँदै नेपाल प्रहरीमा बढ्दो महिला सहभागिताले कानून कार्यान्वयनमा थप योगदान पुऱ्याउन सक्ने विश्वास व्यक्त गर्नुभयो । हाल नेपाल प्रहरीमा ११ प्रतिशतभन्दा बढी महिला सहभागिता रहेको र समुदायको माग तथा आवश्यकता अनुसार संख्या बढाइने उहाँले उल्लेख गर्नुभयो ।

नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले स्वागत मन्तव्य व्यक्त तथा कार्यक्रम सम्बन्धी संक्षिप्त जानकारी दिनुभएको उक्त समारोहमा अन्तर्राष्ट्रिय समन्वयमा प्रहरीको भूमिका र महत्वका बारेमा तयार पारिएको डकुमेन्ट्री भिडियोसमेत प्रस्तुत गरिएको थियो। कार्यक्रममा परराष्ट्र मन्त्री नारायण प्रकाश साउद, सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा, राष्ट्रिय सुरक्षा परिषद् सल्लाहकार शंकरदास बैरागी, महान्यायाधिवक्ता डा. दिनमणी पोखरेल, राजदूतहरू, गृह सचिव लगायत निजामती सेवा तथा सुरक्षा निकायका उच्च पदस्थ अधिकारीहरू, अवकाश प्राप्त प्रहरी महानिरीक्षकहरू, नेपाल प्रहरी श्रीमती संघका अध्यक्ष एवम् पदाधिकारीहरू, सञ्चारकर्मीहरू, अन्य विशिष्ट आमन्त्रित महानुभावहरू लगायत प्रहरी अधिकृत तथा जवानहरुको उपस्थिति एवम् ७ वटै प्रदेश प्रहरी कार्यालयका प्रमुखहरू, नेपाल प्रहरी प्रदेश कार्यालयका प्रमुखहरू, तालिम केन्द्रका प्रमुखहरू एवम् सबै जिल्ला प्रहरी कार्यालयका प्रमुखहरुको भर्चुअल उपस्थिति रहेको थियो।




## "बाल न्याय प्रणाली तालिम"



***काठमाडौं, १ भदौ***

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय र UNICEF को सहयोगमा मिति २०८० साउन २८ गते देखि संचालित २०८० भदौ १ सम्म मधेश प्रदेश प्रहरी कार्यालय अन्तर्गतका प्रहरी कार्यालयहरुको अपराध अनुसन्धान शाखा र महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रहरुमा कार्यरत प्रहरी सहायक निरीक्षक देखी प्रहरी जवान सम्मका महिला ११ र पुरुष १८ जना गरी जम्मा २९ जना प्रहरी कर्मचारीहरुलाई विद्युतीय माध्यम मार्फत ६ (छ) दिवसीय "बाल न्याय प्रणाली तालिम" प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईज्यूको अध्यक्षतामा सम्पन्न भयो।

## विदाई तथा फेरी भेटौंला कार्यक्रम



***काठमाडौं, ५ भदौ***

नेपाल सरकार, गृह मन्त्रालय माननीय उप-प्रधानमन्त्री एवं गृह मन्त्रीस्तरको मिति २०८० भदौ ४ गतेको निर्णयानुसार नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईको राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय सिंहदरबारमा काजसरुवा हुनु भएकोमा मिति २०८० भदौ ५ गते महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयद्धारा "विदाई तथा फेरि भेटौला" कार्यक्रम आयोजना गरी विदाई गरियो । सो अवसरमा विदाई भई जान लाग्नु भएका प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईले आफ्नो तर्फबाट प्रतिवद्दता मन्तव्य व्यक्त गर्नुभएको थियो । उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृत, जुनियर प्रहरी अधिकृत, प्रहरी हवल्दार प्रहरी जवानहरुको समेत उपस्थिती रहेको थियो।

## आसरा सुधार केन्द्र रानीबारीको २५औं वार्षिक साधारणसभा



***काठमाडौं, १० भदौ***

आसरा सुधार केन्द्रकी अध्यक्ष श्रीमती लक्ष्मी कुँवरको अध्यक्षतामा आसरा सुधार केन्द्र रानीबारीको २५औं वार्षिक साधारणसभा सोही केन्द्रमा आयोजित कार्यक्रमबीच सम्पन्न भएको छ । सो अवसरमा केन्द्रकी अध्यक्ष कुँवरले सीमित स्रोत र साधनका बाबजुद विभिन्न उपचारात्मक विधि अपनाई विगत २६ वर्षदेखि हालसम्म ५ हजार ८ सय ७८ जना लागूऔषध प्रयोगकर्ताहरूलाई समाजमा पुनर्स्थापना गराउने कार्यमा केन्द्रले योगदान पुऱ्याएको बताउनुभयो । लागूऔषध सम्बन्धि विभिन्न जनचेतनामूलक कार्यक्रमहरूलाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्दै सेवालाई अझ बढी गुणस्तरीय बनाउन केन्द्र कटिबद्ध हुनुपर्ने उहाँले बताउनुभयो । उक्त केन्द्रकी सचिव श्रीमती सिता ज्ञवालीले वार्षिक कार्य प्रतिवेदन प्रस्तुत गर्नुभएको सो कार्यक्रममा केन्द्रकी कोषाध्यक्ष श्रीमती नबिना कार्कीले आर्थिक वर्ष

२०७९/०८० को आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।कार्यक्रममा प्रहरी नायव महानिरीक्षकहरू, आसरा सुधार केन्द्रका कार्यकारिणी समितिका पदाधिकारीहरु, नेपाल प्रहरी श्रीमती संघका पदाधिकारीहरु, केन्द्रका सल्लाहकारहरू लगायत प्रहरी अधिकृतहरूको समेत उपस्थिति रहेको थियो ।

## "System & Hardware Maintenance" तालिम



***काठमाडौं, १३ भदौ***

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्जको तत्वावधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयमा २०८० श्रावण २८ गते देखि संचालित १६ कार्यदिन अवधिको गैह्-आवासीय **"System & Hardware Maintenance"** आधारभुत तालिम प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीको प्रमुख आतिथ्यतामा २०८० भदौ १३ गते सम्पन्न भयो। उक्त तालिममा प्रहरी नायव निरीक्षक ३, प्रहरी सहायक निरीक्षक १, प्रहरी हवल्दार ४, प्रहरी सहायक हवल्दार ८ जना र प्रहरी जवान १९ सहित जम्मा ३५ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो । उक्त तालिममा प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीले प्रशिक्षार्थीहरुलाई प्रमाण-पत्र वितरण गर्नुहुँदै तालिम सफलता पुर्वक सम्पन्न गर्नुभएकोमा सबैलाई बधाई तथा शुभकामना दिनुका साथै तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्य क्षेत्रमा जिम्मेवारी पूर्वक प्रयोग गर्नुपर्ने समेत बताउनु भयो।

## विदाई कार्यक्रम



***काठमाडौं, २२ भदौ***

नेपाल प्रहरी प्रधान कार्यालय, मानवश्रोत विकास विभाग, कर्मचारी प्रशासन शाखाको च.नं. १२२५ मिति २०८०।०५।२४ गतेको पत्रानुसार प्रहरी नियमावली २०७१ (संशोधन सहित) को नियम १२७ को (१-क-३) बमोजिम मिति २०८०।०५।२४ देखि ५५ वर्ष उमेर पुरा भई उमेर हदको आधारमा अनिवार्य अवकाश हुन लाग्नु भएका नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा कार्यरत प्रहरी वरिष्ठ उपरीक्षक दिल्ली राज पन्तको विदाई कार्यक्रम सम्पन्न भयो। सो अवसरमा विदाई भई जान लाग्नु भएका प्रहरी वरिष्ठ उपरीक्षक दिल्ली राज पन्तले आफ्नो तर्फबाट प्रतिवद्दता मन्तव्य व्यक्त गर्नुभएको थियो। उहाँलाई नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले कार्यालयको तर्फबाट खादा तथा मायाको चिनो प्रदान गर्नुभयो। उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृत, जुनियर प्रहरी अधिकृत, प्रहरी हवल्दार र प्रहरी जवानहरुको समेत उपस्थिती रहेको थियो।

## विदाई तथा फेरी भेटौँला कार्यक्रम



***काठमाडौं, २४ भदौ***

नेपाल प्रहरी प्रधान कार्यालय, मानवश्रोत विकास विभाग, कर्मचारी प्रशासन शाखाको च.नं. १०३२ मिति २०८०।०५।१५ गतेको पत्रानुसार, सरुवा भई जान लाग्नुभएको सिनियर प्रहरी अधिकृतहरुमध्ये नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, UN शाखा दरबन्दी तथा कार्यरत प्रहरी नायव उपरीक्षक दिल्ली कार्कीको प्रहरी वृत्त, जगाती, भक्तपुर, त्यसैगरी जिल्ला प्रहरी परिसर, काठमाडौं दरबन्दी भई अपराध अनुसन्धान विभाग अन्तर्गत अभियोजन तथा कानूनी परामर्श र समन्वय महाशाखामा कार्यरत प्रहरी नायव उपरीक्षक कौशल कुमार बुढाथोकीको राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगंज र नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अपराध अभिलेखालय दरबन्दी भई अपराध अनुसन्धान विभाग अन्तर्गत अनुसन्धान शाखामा कार्यरत प्रहरी नायव उपरीक्षक अशोक थापाको नेपाल प्रहरी अनाश्रित गुल्म, काठमाडौंमा सरुवा भएकोले सरुवा हुनुभएका सिनियर प्रहरी अधिकृतहरुको विदाई तथा फेरी भेटौँला कार्यक्रम सम्पन्न भयो।


सो अवसरमा विदाई भई जान लाग्नु भएका सिनियर प्रहरी अधिकृतहरुले आफ्नो तर्फबाट प्रतिवद्दता मन्तव्य व्यक्त गर्नुभएको थियो । उहाँलाई नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले कार्यालयको तर्फबाट खादा तथा मायाको चिनो प्रदान गर्नुभयो । उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृत, जुनियर प्रहरी अधिकृत, प्रहरी हवल्दार र प्रहरी जवानहरुको समेत उपस्थिती रहेको थियो।

**घरैबाट सुरु गरौ महिला हिंसा अन्त्य गरौ।**


**"नेपाल प्रहरी"**

# अपराध तथ्याङ्क


## काठमाडौ उपत्यका तथा प्रदेशहरुको भदौ महिनाको अपराध तथ्याङ्क (मुद्दा दर्ता संख्या)





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्दा दर्ता संख्या (असार-भदौ)




## त्रैमासिक मुद्दा दर्ता र फछ्यौंट संख्या (असार-भदौ)





## वार्षिक अपराध तंथ्याक (०७७/०७८ देखि ०८०।०८१ भदौ सम्म)




## जघन्य अपराधको प्रदेशगत मुद्दा दर्ता ( आ.व. २०७८०।०८१ भदौ)





## गम्भीर अपराधको प्रदेशगत मुद्दा दर्ता (आ.व. २०७८०।०८१ भदौ)




## सामान्य अपराधको प्रदेशगत मुद्दा दर्ता संख्या (आ.व. २०८०।०८१ भदौ)





## २०८० भदौ महिनामा घरेलु हिंसा सम्बन्धी विवरण



## २०८० भदौ महिनामा जबरजस्ती करणी मुद्दामा पीडित र अभियुक्तको सम्बन्ध विश्लेषण





## २०८० भदौ महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणीको घटनास्थल संख्यागत विवरण




## २०८० भदौ महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | १३२ | २४ वर्ष १० महिना २० दिन | ३,४८,९५,६२५ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | ८० | ९० वर्ष ४ महिना २८ दिन | १६,०५,०३४ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ९० | २५ वर्ष ६ महिना २६ दिन | ९,६८,२३४ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ८६ | २८ वर्ष १ महिना ३ दिन | ८४,११,३७६ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ७७ | १७ वर्ष १० दिन | ६,९४,४७४ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | १५२ | ७१ वर्ष ११ महिना | २०,४७,७७० |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | १८ | ३१ वर्ष ७ महिना ६ दिन | ९,०८,०५० |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ७ | ४ वर्ष २ महिना २९ दिन | १६,११,२७४ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | ८ | २ महिना १० दिन | २,५६,६५,३९० |
| **जम्मा** | | **६५० जना** | **२९० वर्ष ४३ महिना १३२ दिन** | **रु.७,६८,०७,२२७** |

## २०८० भदौ महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या





## २०८० साउन र भदौ महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८० भदौ महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८० भदौ महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | बिवरण | प्रगती | |
|---|---|---|---|
| | | दर्ता | बितरण |
| १ | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/बितरण | १,०२,८९४ | ८४,४८० |
| २ | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | १६६ | १६० |
| ३ | नागरिक उड्डयन कार्यालय प्रहरी प्रतिवेदन | ६७४ | १७० |
| ४ | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | १४ | १४ |
| ५ | औंठाछाप प्रमाणिकरण | २०८ | २०८ |
| ६ | अन्य (रिट निवेदन/उजुरी छानबिन) | ६ | ४ |
| **जम्मा** | | **१,०३,९६२** | **८५,०३६** |

# सामुदायिक प्रहरी गतिविधि

२०८० भदौ महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्धारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :
(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)






***जिल्ला गोरखा ईलाका प्रहरी कार्यालय, हर्मी, आत्महत्या न्युनिकरण कार्यक्रम को केही झलकहरु :-***

# आसरा सुधार केन्द्र

## २०८० भदौ महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## भदौ महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | ३ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | १८ जना |
| ३. | हराएका विदेशी नागरिक | ०२ जना |
| ४. | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको बिवरण | ४,८३४ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको | ०१ जना |

# खोजतलास तथा समन्वय

## २०८० भदौ महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको संख्या




## भदौ महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- Digital Forensics Lab बाट २०८० सालको भदौ महिनामा बिभिन्न १६ वटा मुद्दा शिर्षक (ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव वेचविखन, साईवर क्राईम, जबरजस्ती करणी, लागु औषध, कर्तब्य ज्यान, चोरी, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसुर, अनलाईन ठगी, जवरजस्ति करणी, सुन तस्करी) अन्तर्गत १०६ वटा मुद्दाको ४३१ वटा सबुदहरु परिक्षण गरिएको ।
- 

## दुरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

- भदौ महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी ईकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको ।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- **नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौंबाट २०८०/०५/०१ गतेदेखि २०८०/०५/ ३१ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **५४८** केशहरु र **३२१६** नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **३८३** केशहरु र **२९२४** नमुनाहरु परीक्षण गरिएको ।
- **मिति २०८०/०५/०१ गतेदेखि २०८०/०५/३१ गतेसम्म यस प्रयोगशालाबाट (AFIS) मा १६९६ DATA Entry** भएको।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८० /०५/०१ गतेदेखि २०८०/०५/३१ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **१७६** केशहरु र **४३७** नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **१५९** केशहरु र **४७०** नमुनाहरु परीक्षण गरिएको ।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, गणेशमानचोक, नेपालगंजबाट २०८० /०५/०१ गतेदेखि २०८०/०५/३१ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **५४** केशहरु र **१६१** नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **१९** केशहरु र **५३** नमुनाहरु परीक्षण गरिएको ।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

### २०८० भदौ महिनामा परिचालित संख्या






# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### आफ्नै श्रीमतीको हत्या गरेको अभियोगमा पक्राउ

***बर्दिया, १ भदौ***

आफ्नै श्रीमती ४० वर्षीया केस कुमारी विकको हत्या गरेको अभियोगमा बढैयाताल गाउँपालिका-१ सानोडाँफे बस्ने ५१ वर्षीय कृपाल सुनारलाई प्रहरीले पक्राउ गरेको छ। सुनारले आफ्नै श्रीमतीको हत्या गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय मैनापोखर र प्रहरी चौकी जमुनीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### ज्यान मार्ने उद्योग कसूरका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, १८ भदौ***

ज्यान मार्ने उद्योग कसूरका फरार प्रतिवादी काठमाडौं बुढानिलकण्ठ नगरपालिका कपन बस्ने रामेछाप मन्थली नगरपलिका-११ ठेगाना भएका ३० वर्षीय निरज मगर भन्ने सुमन थापा मगरलाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं महानगरपालिका-३१ शंखमुलमा सुरज खडकालाई २०७८ चैत ९ गते धारिलो हतियार खुकुरी प्रहार गरी ज्यान मार्ने उद्योग कसूरमा संलग्न रही फरार रहेका मगरलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं चाबहिलबाट पक्राउ गरेको हो। उनलाई ज्यान मार्ने उद्योग कसूरमा आवश्यक कारवाहीको लागि प्रहरी वृत्त नयाँबानेश्वर काठमाडौं पठाइएको छ।

### हत्या गरेको अभियोगमा दुई बृद्ध पक्राउ

***काठमाडौं, २६ भदौ***

काठमाडौं महानगरपालिका-८ गौशाला ओरालो बनकालीस्थित मानव सेवा कल्याण आश्रममा बस्ने मकवानपुर भिमफेदी गाउँपालिका-४ घर भएका ५० वर्षीय अमर राज पुडासैनीलाई ईंटा प्रहार गरी हत्या गरेको अभियोगमा मकवानपुर हेटौंडा उपमहानगरपालिका घर भई सोही आश्रममा बस्ने ७२ वर्षीय जगत बहादुर तामाङलाई प्रहरीले पक्राउ गरेको छ। जगत बहादुरले पुडासैनीलाई ईंटा प्रहार गरी हत्या गरेको भन्ने खबर हुनासाथ प्रहरी वृत्त गौशालबाट खटिएको प्रहरीले उनलाई नियन्त्रणमा लिएको हो।

**रसुवा,** आफ्नै श्रीमती ७१ वर्षीया सिता कामीको हत्या गरेको अभियोगमा गोसाईकुण्ड गाउँपालिका-६ रेडपाण्डा चोकस्थित भुकम्प पीडित आवास स्थल बस्ने ७१ वर्षीय सुलाल कामीलाई प्रहरीले पक्राउ गरेको छ। सिता कामी आफ्नै आवास स्थलमा मृत अवस्थामा फेला परेको घटनाको जिल्ला प्रहरी कार्यालय रसुवाबाट खटिएको प्रहरीले अनुसन्धान गर्ने क्रममा सुलाल कामीले कुटपिट गरी हत्या गरेको भन्ने खुल्न आएपछि उनलाई नियन्त्रणमा लिएको हो। दुवै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### कुटपिट गरी आफ्नै बुबाको हत्या गरेको अभियोगमा पक्राउ

***दाङ, २९ भदौ***

आफ्नै बुवा ५१ वर्षीय प्रेम बहादुर केसीको कुटपिट गरी हत्या गरेको अभियोगमा घोराही उपमहानगरपालिका-५ दलजितपुर बस्ने २८ वर्षीय सन्तोष केसीलाई प्रहरीले पक्राउ गरेको छ। सुतिरहेको अवस्थामा सन्तोषले कुटपिट गर्दा गम्भीर घाइते भएका प्रेम बहादुरको राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठान घोराही दाङ हुँदै मेडिकल कलेज कोहलपुर बाँकेमा थप उपचारको क्रममा मृत्यु भएको हो। मादक पदार्थ सेवन गरी आफ्नै बुवालाई कुटपिट गरेको भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट दलजितपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### विभिन्न धनमाल चोरी

***काठमाडौं, १ भदौ***

काठमाडौं महानगरपालिका-२८ बागबजारस्थित कुमार फुयाँलको गणेश अपसेट प्रेस (छापाखना) बाट सटरको ताला फोडी करिब २० लाख रूपैयाँ बराबरको प्रेसमा कागजमा लगाउने आल्मोनियमको प्लेट १ हजार ५ सय पिस चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### सामाजिक सञ्जालमार्फत रकम ठगी गरेको अभियोगमा दुई जना पक्राउ

***काठमाडौं, ७ भदौ***

विभिन्न सामाजिक सञ्जालमार्फत रकम ठगी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा पर्सा बहुदामाई नगरपालिका-८ बस्ने ३० वर्षीय राज कुमार पण्डीत र रौतहट कटहरीया नगरपालिका-१ बस्ने २१ वर्षीय उमेश कुमार यादव रहेका छन्। सामाजिक सञ्जाल टिकटक, फेसबुक, ह्वाट्सएपमा जमजम ईलेक्ट्रोनिक्स मार्फत लक्की ड्रमा आईफोन जितेको र कस्टम क्लियरेन्सको लागि पैसा पठाउनु पर्छ भन्दै पीडित महिलालाई विभिन्न बैंक खातामा रकम जम्मा गर्न लगाई ठगी गरेको उजुरीको आधारमा नेपाल प्रहरी प्रधान कार्यालय साईबर ब्यूरो भोटाहिटीबाट खटिएको प्रहरीले प्राविधिक अनुसन्धान र विश्लेषण गर्दा उनीहरुको संलग्नता रहेको खुल्न आएपछि उनीहरुलाई ललितपुर, कुपण्डोल गुसिङ्गालबाट पक्राउ गरेको हो। उनीहरुबाट नगद ४९ लाख ९५ हजार रुपैयाँ, मोबाईल ७ थान, सिम १ सय ८३ थान, एटिएम कार्ड १२ थान र राउटर १ थान प्रहरीले बरामद गरेको छ। उनीहरु उपर विद्युतीय माध्यम सम्बद्ध ठगी कसूरमा काठमाडौं जिल्ला अदालतबाट ७ दिन म्याद थप अनुमति लिई प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

### एटिएम मेसिन तोडफोड गरी चोरी गर्ने खोज्ने व्यक्ति पक्राउ

***भक्तपुर, १४ भदौ***

भक्तपुर नगरपालिका-१० कमलबिनायक भत्केको पाटीस्थित नबिल बैंकको एटिएम मेसिन तोडफोड गरी चोरी गर्न खोजेको अभियोगमा दाङ बबई गाउँपालिका-२ बस्ने २४ वर्षीय पूर्ण बहादुर खासुलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त जगाती भक्तपुरबाट खटिएको प्रहरीले उनलाई एटिएम मेसिन तोडफोड गरी चोरी गर्न खोजेको अवस्थामा फेला पारी पक्राउ गरेको हो। उनको साथबाट १ थान मार्तल, १ थान फलामको रड र १ थान ह्याक्सो प्रहरीले बरामद गरेको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अमेरिका पठाइदिने भन्दै प्रलोभनमा पारी मानब वेचविखन गर्ने गिरोहका नाइके पक्राउ

***काठमाडौं, २५ भदौ***

अमेरिका पठाइदिने भन्दै विभिन्न प्रलोभनमा पारी मानब वेचविखन गर्ने गिरोहका नाइके रूकुम पूर्व सिस्ने गाउँपालिका-४ नाथीगाड जन्मस्थान भई हाल अमेरिकाको टेक्सासमा बसोबास गर्दै आएका अमेरिकी नागरिक ५२ वर्षीय मृदुल भन्ने हस्त गौतमलाई प्रहरीले पक्राउ गरेको छ । नेपाली नागरिकहरुलाई युएई (दुबई), थाईलैण्ड, फिलीपिन्स, जाम्बीया, सिंगापुर, हङकङ लगायतका देशहरूमा पुर्‍याई राहदानी, मोबाइल समेत जफत गरी थप पैसा माग गर्ने, एजेन्टले भनेजति पैसा नदिएमा शारीरिक मानसिक यातना दिने, विदेशमा रहेका एजेन्टहरूलाई वेचविखन गर्ने, बुझाउने जस्ता क्रियाकलाप गरी अलपत्र पार्ने कार्यमा संलग्न उनलाई मानव वेचविखन अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले रूपन्देही बेलहियाबाट पक्राउ गरेको हो। यसअघि पक्राउ कमल तामाङ समेत भएको मानब वेचविखन तथा ओसारपसार र संगठित अपराधमा ५ वटा मुद्दा दर्ता भई उक्त कसूरमा संलग्न ३ जना अभियुक्तहरू पक्राउ परी अनुसन्धान भइरहेकोमा उक्त कसूरमा निज हस्त गौतम प्रमुख योजनाकार रहेको खुल्न आएको हो । उनले मेक्सीकोमा बेस बनाई विश्वासिला ५ जना एजेन्टलाई नेपाल, दुवई, सिंगापुर, फिलीपिन्स, थाईलैण्ड, श्रीलंका, कोलम्बिया, लेटिन अमेरिका लगायतका देशहरूमा परिचालन गरेको र पीडितहरूबाट विभिन्न मितिमा अमेरिका पठाइदिने भन्दै अन्य एजेन्टहरू समेतलाई परिचालन गरी २ करोड भन्दा बढी पैसा लिइसकेको खुल्न आएको छ । गौतम समेतको संलग्नता भएको उक्त मुद्दामा जम्मा ६ जना पीडितहरू रहेको र २ जना पीडितको उद्दारको लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय भइरहेको सो ब्यूरोले जनाएको छ । उनी उपर जिल्ला अदालतबाट ७ दिन म्याद अनुमति लिई मानव वेचविखन, ओसारपसार तथा संगठित अपराध मुद्दामा थप अनुसन्धान भइरहेको छ।

## विभिन्न धनमाल चोरी

***काठमाडौं, २५ भदौ***

काठमाडौं महानगरपालिका-७ दिर्घायु अस्पताल चाबहिल बस्ने कृष्ण गोपल कक्षपती र विमला कक्षपतीको घरमा कोही नभएको अवस्थामा सुनका गहना तथा नगद समेत गरी करिब ७ लाख ७५ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ।

**भक्तपुर,** मध्यपुरठिमी नगरपालिका-१ लोकन्थली डेरा गरी बस्ने सिन्धुपाल्चोक सुनकोशी गाउँपालिका-६ घर भएका १८ वर्षीय विश्वास परियारको कोठाबाट ल्यापटप र मोबाइल गरी करिब १ लाख १० हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ।

**ललितपुर,** ललितपुर महानगरपालिका-८ बालकुमारी भोल्ढोका बस्ने नबिन अवालेको घरबाट विभिन्न सुनका गहना तथा नगद ५० हजार रूपैयाँ गरी करिब ४ लाख २६ हजार ७ सय ९० रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुको साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## ब्रेक प्याडहरूमा लुकाई छिपाई ल्याएको सुन तस्करीमा संलग्न हालसम्म ३२ जना पक्राउ

***काठमाडौं, २७ भदौ***

ब्रेक प्याडहरूमा लुकाई छिपाई अवैध सुन पैठारी तथा संगठित अपराधमा संलग्न रहेको अभियोगमा हाल सम्मको अनुसन्धानको क्रममा जम्मा ३२ जना नेपाली तथा विदेशी नागरिकहरू पक्राउ परेका छन् । पक्राउ पर्नेहरूमा सुनको कारोबारमा संलग्न ११ जना, त्रिभुवन विमानस्थल भन्सार कार्यालयका कर्मचारी ८ जना, भन्सार एजेन्ट ४ जना, कार्गो एजेन्ट ३ जना, ट्याक्सी चालक १ जना, भाषा अनुवादक/कोठा खोज्ने १ जना, कम्पनी खोल्ने २ जना र कम्पनी खडा गर्ने/माल बस्तु व्यवस्थापक २ जना गरी जम्मा ३२ जना छन् भने १८ जना फरार रहेका छन् । रेडिट्रेड प्रालिबाट आयात गरिएका ब्रेकप्याडहरूमा लुकाई छिपाई अवैध पैठारी गरेको जम्मा बरामद ६०.७१६ किलो र सुन निकाली पुन प्याकिङ गरेको अवस्थामा बरामद भई आएका ब्रेकप्याडहरूको तौलबाट एकिन गरिएको ३०२.०६२ किलो गरी जम्मा ३६२.७७८ किलोग्राम सुनको हुन आउने मूल्य ३ अर्ब ५० करोड २ लाख १६ हजार ५ सय ५२ रूपैयाँ बराबरको सुन अवैध पैठारी भएको पुष्टि हुन आएको केन्द्रीय अनुसन्धान व्यूरोले जानकारी दिएको छ । सुन तस्करको लागि ७ वटा कम्पनी खडा गरिएको, २ ठाउँमा सुन गाल्ने गरिएको, ब्रेकप्याड, सेभर, स्मार्ट वाच एवम् विभिन्न प्रकारका विद्युतिय उपकरणहरूमा सुन आयत गरी ल्याइएको समेत अनुसन्धानबाट खुल्न आएको छ। राजश्व अनुसन्धान विभागको टोलीले गत साउन २ गते काठमाडौं सिनामंगलस्थित त्रिभुवन विमानस्थल भन्सार कार्यालय परिसर बाहिर बा.२ ज २३२४ नम्बरको ट्याक्सीमा गाडीको ब्रेकप्याड १ सय ६० सेट सहित ८ कार्टुन बरामद गरेको थियो। परीक्षण पछि सुन रहेको एकिन भए पश्चात राजश्व अनुसन्धान विभागले अवैध सुन चोरी पैठारी राजश्व छलि मुद्दा दर्ता भएको र १९ दिन सम्मको अनुसन्धानबाट १६ जनालाई पक्राउ गरी संगठित अपराध मुद्दामा अनुसन्धानको लागि उक्त विभागबाट गत साउन २१ गते फाइल प्राप्त भई केन्द्रीय अनुसन्धान व्यूरोले साउन २२ गतेबाट अवैध सुन पैठारी तथा संगठित अपराध मुद्दा दर्ता गरी अनुसन्धान सुरू गरेको थियो।

## चोरी गरेका सामानसहित छ जना किशोर पक्राउ

***बारा, ३१ भदौ***

चोरीका विभिन्न समानहरुसहित महागढीमाई नगरपालिका-५ बगडमपुर बस्ने १३ वर्षीय, १२ वर्षीय ३ जना, १० वर्षीय र भारत पूर्वी चम्पारण बस्ने १४ वर्षीय गरी ६ जना किशोरलाई प्रहरीले पक्राउ गरेको छ। महागढीमाई नगरपालिका-५ बगडमपुर बस्ने नरेन्द्र जैसवालको घरमा चोरी भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी गंजभवानिपुरबाट खटिएको प्रहरीले खोजी तथा अनुसन्धानको क्रममा उनीहरुलाई सिक्री १ थान, सिक्का १४ थान, ढीका १ थान, औठी १ थान, बिन्दिया १४ थान, लकेट २ थान, कानको रिङ ४ थान, फुली ४ थान, क्यामेरा १ थान, मोबाईल १ थान, पित्तलको कचौरा १ थान र पाएल १३ थान लुकाइ राखेको अवस्थामा फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# यौन जन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***दाङ, १७ भदौ***

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा गढवा गाउँपालिका-१ चिसापानी बस्ने ४० वर्षीय राम बहादुर खनाललाई प्रहरीले पक्राउ गरेको छ । राप्ती गाउँपालिका-२ लालमटियास्थित आदर्श नमुना माध्यमिक विद्यालयमा कार्यालय सहयोगी तथा सह-चालकको रूपमा कार्यरत खनालले भदौ ४ गते ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय भालुवाङबाट खटिएको प्रहरीले खनाललाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, २१ भदौ***

बर्दिया, ३० वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा बासगढी नगरपपालिका-९ माछागढ बस्ने ३९ वर्षीय शेर बहादुर थापालाई प्रहरीले

पक्राउ गरेको छ। थापाले ती महिलालाई बारबर्दिया नगरपालिका-४ सिटीबेरेलीमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय बानियाभारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

**रूपन्देही,** १० वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा तिलोत्तमा नगरपालिका-२ सिमानगर बस्ने ५४ वर्षीय गणेश न्यौपानेलाई प्रहरीले पक्राउ गरेको छ । न्यौपानेले ती बालिकालाई बुटवल उपमहानगरपालिका-४ तिनाउखोलाको झाडीमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा नगर प्रहरी कार्यालय योगीकुटीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो।

**भोजपुर,** १० वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा टेम्केमैयुम गाउँपालिका-२ घुप्कालुङ बस्ने ५० वर्षीय कृष्ण राईलाई प्रहरीले पक्राउ गरेको छ। राईले ती बालिकालाई ललाई फकाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय दिल्पाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। सवै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, २१ भदौ***

**झापा,** १७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा अर्जुनधारा नगरपालिका-४ टाङटिङ बस्ने २३ वर्षीय विवेक अधिकारीलाई प्रहरीले पक्राउ गरेको छ। विवेकले ती बालिकालाई सोही ठाउँस्थित टाङटिङ खोलाको डिल नर्सरी घारीमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

**दाङ,** ७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा राप्ती गाउँपालिका-१ माथिल्लो भालुवाङ बस्ने १६ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ। किशोरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय भालुवाङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***मोरङ, २६ भदौ***

आठ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सुन्दरहरैचा नगरपालिका-३ आईतबारे बस्ने ४८ वर्षीय साईला भन्ने जित बहादुर तामाङलाई प्रहरीले पक्राउ गरेको छ । ती बालिकालाई भदौ १७ गते तामाङले जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी गछियामा खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा दुई जना पक्राउ

**काठमाडौं, २७ भदौ**

**बाँके,** १३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बैजनाथ गाउँपालिका-८ पिपिरी बस्ने २१ वर्षीय गणेश सुस्लिङ मगरलाई प्रहरीले पक्राउ गरेको छ। मगरले ती बालिकालाई ललाई फकाई गत जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय धनौलीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

**बर्दिया,** २४ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा बारबर्दिया नगरपालिका-६ धामपुर बस्ने ३२ वर्षीय कपिल गिरीलाई प्रहरीले पक्राउ गरेको छ। गिरीले ती महिलालाई विभिन्न किसिमको धाक धम्की देखाई विभिन्न मितिमा पटक-पटक जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय जयनगरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। दुवै घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# लागू औषध सम्बन्धी

## अवैध लागूऔषध गाँजासहित दुई जना पक्राउ

***मकवानपुर, ५ भदौ***

हेटौंडा उपमहानगरपालिका-१० बसपार्कबाट अवैध लागूऔषध गाँजा करिब ९ केजी र नगद ३० हजार रूपैयाँसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा धनुषा सागरनाथ नगरपालिका-८ बस्ने ४३ वर्षीय देब नारायण दास र सिरहा कर्जनहा नगरपालिका-८ बस्ने ४२ वर्षीय राम सागर साह रहेका छन् । हेटौंडाबाट जनकपुरतर्फ जादै गरेको ना.५ ख २१६५ नम्बरको बसलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा बसमा सवार उनीहरुलाई झोलामा लुकाई ल्याएको उक्त गाँजा र नगद सहित फेला पारी पक्राउ गरेको हो। .यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषधसहित १४ जना पक्राउ

***काठमाडौं, ६ भदौ***

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान होल्ड व्यागेज एरियाबाट अवैध लागूऔषध चरेस जस्तो देखिने पदार्थ ११ केजी ७ सय ग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा लम्जुङ दोर्दी गाउँपालिका-५ फोर्जुङ घर भएका ३४ वर्षीय सुन्दर गुरूङ र लम्जुङ छैलुङ घर भएका ४७ वर्षीय औता राम गुरूङ रहेका छन्। बाटिक एयरको उडानद्वारा मलेसिया हुँदै थाईल्यान्ड जान लागेका उनीहरूको लगेजभित्र फल्स बटम बनाई टेपले न्यापिङ गरिएको अवस्थामा सुन्दरको साथबाट ६ केजी र औता रामको साथबाट ५ केजी ७ सय ग्राम उक्त पदार्थ फेला परेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान एवं कानूनी कारबाहीको लागि लागूऔषध नियन्त्रण व्यूरो कोटेश्वरमा बुझाइएको छ।
यसैगरी काठमाडौं महानगरपालिका-३२ स्थित खाजा पसलबाट अवैध लागूऔषध गाँजा करिब ५० ग्रामसहित काठमाडौं जडिबुटी बस्ने रामेछाप खाँडादेवी गाउँपालिका-२ घर भएका २६ वर्षीय धिरज लामासहित ८ जनालाई प्रहरीले पक्राउ गरेको छ । उक्त पसलमा गाँजा सेवन गरिरहेको भन्ने सूचनाको आधारमा प्रहरी प्रभाग काँडाघारीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त गाँजासहित पक्राउ गरेको हो।

**बाँके,** नेपालगंज उपमहानगरपालिका-१६ टंकपसरीबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १० ग्रामसहित सोही उपमहानगरपालिका-१५ जमुनाह बस्ने २० वर्षीय ओसिम साईलाई प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो नेपालगंज र ईलाका प्रहरी कार्यालय जयसपुरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

**झापा,** बिर्तामोड नगरपालिका-४ नयाँ बिजुली अफिस नजिकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १० ग्राम ५०० मिलिग्राम र २ थान मोबाइलसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही नगरपालिका-३ बस्ने ३५ वर्षीय सन्तोष भन्ने तेज बहादुर राई र ३८ वर्षीय राज भन्ने कृष्ण लिम्बु रहेका छन्। लागूऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टा र ईलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

**मोरङ,** विराटनगर महानगरपालिका-१५ स्थित एक नम्बर ढाटबाट अवैध लागूऔषध ब्राउनसुगर १ ग्राम २८ मिलिग्रामसहित सुनसरी ईटहरी उपमहानगरपालिका-८ बस्ने २६ वर्षीय बिशाल सिंहलाई प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण व्यूरो विराटनगरबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो। सवै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषधसहित तीन जना पक्राउ

***मकवानपुर, ८ भदौ***

हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट अवैध लागूऔषध गाँजा करिब ५ केजीसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा पर्सा बहुदरमाई नगरपालिका-६ गमरीया बस्ने ४७ वर्षीय हिरालाल शाह र बारा बस्तिपुर बस्ने ४८ वर्षीय धुरन साह रहेका छन्। प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरीले बा.प्र ०३ -००१ ख २७५८ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनीहरुलाई उक्त गाँजासहित फेला पारी पक्राउ गरेको हो।

यसैगरी, हेटौडा उपमहानगरपालिका-१९ नेवारपानीबाट अवैध लागूऔषध गाँजाको धुलो ४१ केजी ३ सय ग्रामसहित बारा जितपुर सिमरा उपमहानगरपालिका-११ बस्ने २७ वर्षीय नारायण शाह गुणलाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय ज्यामीरे नेवारपानीबाट खटिएको प्रहरीले मनहरीबाट हेटौंडातर्फ आउँदै गरेको प्रदेश २-०३-००१ च २५२५ नम्बरको पिकअप गाडी जाँच गर्ने क्रममा गाडीमा लुकाई छिपाई ल्याएको अवस्थामा उक्त गाँजाको धुलोसहित गाडी चालक गुणलाई पक्राउ गरेको हो। दुवै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध गाँजासहित तीन जना पक्राउ

***मकवानपुर, २९ भदौ***

हेटौंडा उपमहानगरपालिका-१० बसपार्कबाट अवैध लागूऔषध गाँजा ६ केजीसहित सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा पर्सा गढी नगरपालिका-९ टाँगा बस्ने ३० वर्षीय संजय भन्ने अमिर लाल प्रसाद यादव, ४५ वर्षीय जंग बहादुर पासवान र ३२ वर्षीय मनोज यादव रहेका छन्। बिशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले जाँच गर्दा उनीहरुलाई उक्त गाँजासहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# अन्य अपराध

## सात नाल भरूवा बन्दुक बरामद

***रूकुम (पूर्व), ४ भदौ***

**भुमे गाउँपालिका-७** लावाङस्थित जंगलको ओढारबाट वेवारिसे अवस्थामा रहेको भरूवा बन्दुक ६ नाल प्रहरीले बरामद गरेको छ। अस्थायी प्रहरी पोष्ट महतबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो।

**यसैगरी रूकुम(पूर्व),** पुथाउत्तरगंगा गाउँपालिका-४ घुम्नास्थित हिमालय लाली गुराँस सामुदायिक जंगलको ओढारबाट वेवारिसे अवस्थामा रहेको भरूवा बन्दुक १ नाल प्रहरीले बरामद गरेको छ। ईलाका प्रहरी कार्यालय रन्मामैकोटबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो। दुवै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जुवातास खेलिरहेको अवस्थामा विभिन्न स्थानबाट २६ जना पक्राउ

***काठमाडौं, ७ भदौ***

काठमाडौं, कागेश्वरी मनोहरा नगरपालिका-७ हरहर महादेव डेरा गरी बस्ने सिन्धुपलान्चोक मेलम्ची नगरपालिका-९ की ३८ वर्षीय सागर लामाको कोठामा जुवातास खेलिरहेका अवस्थामा सोही ठाउँ बस्ने ३५ वर्षीय सन्जु श्रेष्ठ समेत ७ जनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा प्रहरी प्रभाग कांडाघारीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ९४ हजार ८ सय २५ रूपैयाँ र ८ बुक तासहित पक्राउ गरेको हो।

यसैगरी काठमाडौं, कागेश्वरी मनोहरा नगरपालिका-६ मुलपानीस्थित अमृता मगरको टहरोमा जुवातास खेलिरहेको अवस्थामा दोलखा मेलुङ गाउँपालिका-६ घर भएका २५ वर्षीय प्रदिप लामा समेत ६ जनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधरमा प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ३० हजार ७ सय ५० रूपैयाँ र १ बुक तासहित पक्राउ गरेको हो।

**सुर्खेत,** वीरेन्द्रनगर नगरपालिका-३ एरिचोकस्थित न्यू पञ्चकोशी दुल्लु खड्का होटलमा जुवातास खेलिरहेको अवस्थामा दैलेख दुल्लु नगरपालिका-७ घर भएका ४६ वर्षीय दिनेश हमाल समेत १३ जनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट खटिएको प्रहरीले उनीहरूलाई नगद २ लाख १९ हजार ९ सय रूपैयाँ, ५ बुक तास र मोबाइल १५ थानसहित पक्राउ गरेको हो। सबै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## कटुवा पेस्तोल र भरूवा बन्दुक बरामद

***काठमाडौं, ७ भदौ***

बारा, सिम्रौनगढ नगरपालिका-७ झवानी नजिकै रहेको धान खेतबाट कटुवा पेस्तोल १ थान प्रहरीले बरामद गरेको छ। स्थानीयले घाँस काट्ने क्रममा हतियार फेला परेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय सिमरौनगढबाट खटिएको प्रहरीले उक्त पेस्तोल बरामद गरेको हो।

**ताप्लेजुङ,** फुङलिङ नगरपालिका-९ बुङकुलुङबाट भरूवा बन्दुक १ थान प्रहरीले बरामद गरेको छ। सोही ठाउँ बस्ने २१ वर्षीय बिमल लिम्बुले मादक पदार्थ सेवन गरी आफ्नै बुवा छत्रमान लिम्बुलाई भरूवा बन्दुक देखाई कुटपिट समेत गरेको भन्ने खबर प्राप्त हुनसाथ जिल्ला प्रहरीले कार्यालय ताप्लेजुङबाट खटिएको प्रहरीले उक्त बन्दुक बरामद गरेको हो। साथै प्रहरीले हाल फरार बिमलको खोजी गरिरहेको छ। दुवै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ। रिहरभवन पुल्चोक ललितपुर पठाइएको छ।

## ड्युटीमा खटिएका प्रहरी निरीक्षकलाई बन्चरो प्रहार गरेको अभियोगमा तीन जना पक्राउ

***झापा, ८ भदौ***

शिवसताक्षी नगरपालिका-९ झरना पुल नजिकै ड्युटीमा खटिएका प्रहरी निरीक्षक युवराज कटुवाललाई बन्चरो प्रहार गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा शिवसताक्षी नगरपालिका-९ बस्ने ३६ वर्षीय अशोक पोखरेल, ३२ वर्षीय बिकाश भन्ने अरूण तामाङ र ३३ वर्षीय लक्ष्मण टुडु रहेका छन्। उक्त स्थानमा लागूऔषध सेवन गरिरहेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय झिलझिलेबाट प्रहरी निरीक्षक कटुवालको नेतृत्वमा खटिएको प्रहरी टोलीले मे.४ प २७५१ नम्बरको मोटरसाइकल लापरबाही तरिकाले चलाई आएका उनीहरुलाई सोधपुछ गर्ने क्रममा मोटरसाइकलमा सवार अशोकले लुकाई छिपाई ल्याएको बन्चरो अचानक प्रहार गर्दा घाइते भएका प्रहरी निरीक्षक कटुवाललाई स्थानीय दुधे मेडिकलमा सामान्य उपचार पश्चात थप उपचारको लागि बिएण्डसी अस्पताल बिर्तामोड लगिएको छ। साथै मोटरसाइकलमा चालक अरूण तामाङ, मोटरसाइकलमा सवार अशोक पोखरेल र लक्ष्मण टुडुलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान गर्ने क्रममा अशोकको साथबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ सय मिलिग्राम फेला परेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## गाई काटेको अभियोगमा तीन जना पक्राउ

***तनहुँ, १० भदौ***

शुक्लागण्डकी नगरपालिका-६ कमलबोट बस्ने २९ वर्षीय रमेश नेपालीसमेत ३ जनालाई गाई काटेको अभियोगमा प्रहरीले पक्राउ गरेको छ। नेपालीले आफ्नै घरमा पाल्दै आएको गाईलाई बारीमा लगि काट्दै गरेको सूचनाको

आधारमा ईलाका प्रहरी कार्यालय बेलचौताराबाट खटिएको प्रहरीले गाई काट्दै गरेको अवस्थामा फेला पारी उनीहरूलाई नियन्त्रणमा लिएको हो । घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## एक हजार दुई सय २३ केजी पटाकासहित तीन जना पक्राउ

***काठमाडौं, १० भदौ***

एक हजार दुई सय २३ केजी पटाकासहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा रौतहट राजदेवी नगरपालिका-१ घर भई हाल काठमाडौं महानगरपालिका-१३ ताहाचल बस्ने ३२ वर्षीय राजु भन्ने दिपक मण्डल, भारत बिहार बेतिया मजौलिया थाना सेनवरिया ग्राम घर भई हाल काठमाडौं महानगरपालिका-१३ ताहाचल बस्ने २८ वर्षीय धर्मेन्द्र साह र सर्लाही चक्रघट्ट गाउँपालिका- ५ घर भई गोकर्णेश्वर नगरपालिका-५ जोरपाटी बस्ने २८ वर्षीय मुकेश मण्डल रहेका छन् । काठमाडौं जिल्लामा केही व्यक्तिहरूले गैरकानूनी रूपमा भारतबाट पटाका, भुईचम्पा लगायतका आतिसवाजीजन्य विष्फोटक पदार्थहरू पैठारी गरी ल्याई भण्डारण गरी कारोबार गर्ने गरेको भन्ने विशेष सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनीहरुलाई ६५ वटा बोरामा राखेका उक्त पटाकासहित काठमाण्डौ ताहाचल, मान्टारबाट पक्राउ गरेको हो । उनीहरूलाई विष्फोटक पदार्थ सम्बन्धी कसूरमा आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## सामाजिक सञ्जालमार्फत चरित्र हत्या गर्ने व्यक्ति पक्राउ

***भक्तपुर, १३ भदौ***

सामाजिक सञ्जाल फेसबुकमा नक्कली आइडी बनाई अश्लिल फोटो तथा भिडियो राखी चरित्रहत्या गरेको अभियोगमा भक्तपुर नगरपालिका-१४ ठेगाना भएका २५ वर्षीय सुसन चौगुठीलाई प्रहरीले पक्राउ गरेको छ । फेसबुकमा केटी साथीहरूसँग नजिक भई प्रेम जालमा पारी विभिन्न बहानामा खिचिएका अश्लिल फोटो तथा भिडियोहरूको दुरूपयोग गरी नक्कली फेसबुक आइडी बनाई उक्त भिडियोहरू पीडितको आफन्तहरूलाई समेत पठाई चरित्र हत्या गरेको घटनामा संलग्न चौगुठीलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। उनलाई विद्युतीय कारोबार ऐन, २०६३ बमोजिमको कसूरमा आवश्यक अनुसन्धान एवं कारवाहीको लागि नेपाल प्रहरी प्रधान कार्यालय, साईबर ब्यूरो भोटाहिटी पठाइएको छ।

## विभिन्न हातहतियारसहित पाँच जना पक्राउ

***काठमाडौं, १४ भदौ***

**भक्तपुर,** मध्यपुर ठिमी नगरपालिका-१ लोकन्थलीबाट कटुवा पेस्तोल २ थान र सोही पेस्तोलको गोली १ राउण्डसहित उदयपुर बलैया नगरपालिका-५ घर भई हाल भक्तपुर लोकन्थली बस्ने ४० वर्षीय जंगे माझीलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी प्रभाग बालकोट भक्तपुरबाट खटिएको प्रहरीले उनलाई उक्त पेस्तोल र गोलीसहित फेला पारी पक्राउ गरेको हो। उनले प्रयोग गरेको बा. ४३ प ९००० नम्बरको स्कुटर प्रहरीले बरामद गरेको छ। साथै प्रहरीले जाँच गर्ने क्रममा हाल फरार भएका माझीसँगै रहेका हाल वतन नखुलेका ३० वर्षीय अश्विन दाहालको खोजी गरिरहेको छ।

**कैलाली,** लम्कीचुहा नगरपालिका-१ भुरूवाबाट हर्नेट १ थान, म्यागजिन १ थान, गोली १५ राउण्ड र बारूद ५ ग्रामसहित घोडाघोडी नगरपालिका-७ बस्ने ३२ वर्षीय अर्जुन बिक समेत ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय लम्कीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त हातहतियारसहित पक्राउ गरेको हो। दुवै घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## स्रोत नखुलेको नगद सहित दुई जना पक्राउ

***सिरहा ,१६ भदौ***

सिरहा नगरपालिका-१७ माडर काली चोकबाट स्रोत नखुलेको नगद ४४ लाख नेपाली रूपैयाँसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सिरहा नगरपालिका-७ हेमनारायण चोक बस्ने ४२ वर्षीय संजय कुमार साह र सोही नगरपालिका-१७ माडर बस्ने ५२ वर्षीय प्रेम कुमार यादव रहेका छन्। ईलाका प्रहरी कार्यालय माडर र प्रहरी चौकी खिरौनाबाट खटिएको प्रहरीले भारत जयनगरबाट नेपालतर्फ आउँदै गरेको बिआर ७ सि ४२२४ नम्बरको कारलाई जाँच गर्ने क्रममा सिटमुनी घर्रा जडान गरी घर्राभित्र लुकाई छिपाई ल्याएको उक्त नगद फेला पारी कारका चालक संजय र कारमा सवार प्रेमकुमारलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## प्रहरी कर्मचारीमाथि अभद्र व्यवहार गरेको अभियोगमा पक्राउ

***काठमाडौं, २४ भदौ***

प्रहरी कर्मचारीमाथि अभद्र व्यवहार तथा हातपात गरेको अभियोगमा सोही महानगरपालिका-१० बुद्धनगर बस्ने सिन्धुली मरिन गाउँपालिका-४ घर भएका ३० वर्षीय राज कुमार घिसिङलाई प्रहरीले पक्राउ गरेको छ । काठमाडौं महानगरपालिका-३१ शंखमुलमा प्रहरी वृत्त बानेश्वरबाट खटिएको प्रहरीले तिब्र गतिमा अनियन्त्रित तरिकाले आउँदै गरेको बा.३७ प ६४३२ नम्बरको स्कुटरलाई जाँच गर्ने क्रममा चालक घिसिङले प्रहरीसँग अपशब्द प्रगोग गरी बादबिबाद गर्दा नियन्त्रणमा लिने क्रममा प्रहरी माथि नै हातपात गरेपछि उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## सहकारी संस्थाको रकम हिनामिना गरी फरार रहेका व्यक्ति पक्राउ

***काठमाडौं, २६ भदौ***

कास्की पोखरा बागलुङ बसपार्कस्थित सूर्यदर्शन वचत तथा ऋण सहकारी संस्थाको रकम हिनामिना गरी फरार रहेका ललितपुर गोदावरी नगरपालिका-४ ठेगाना भएका सोही संस्थाका कोषाध्यक्ष ४२ वर्षीय कुमार रम्तेललाई प्रहरीले पक्राउ गरेको छ । रम्तेल समेतले ठगी गरेको भनि वचतकर्ताहरुले जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी दिएको तथा रम्तेल समेतको नाममा जिल्ला अदालत कास्कीबाट पक्राउ पुर्जी जारी भई सहकारी तथा ठगी सम्बन्धी मुद्दामा फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले ललितपुर महानगरपालिका-१४ कुमारीपाटीबाट पक्राउ गरेको हो। उनलाई थप अनुसन्धान एवम् कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय कास्की पठाइएको छ।

## दुर्लभ वन्यजन्तु सुनौलो रङको कछुवासहित छ जना पक्राउ

***काठमाडौं ,३० भदौ***

टोखा नगरपालिका-५ स्थित सुनकोशी क्याफेबाट दुर्लभ वन्यजन्तु सुनौलो रङको कछुवासहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काभ्रे पनौती नगरपालिका-१० बन्थली घर भएका ३२ वर्षीय जयराम घिमिरे, सोही नगरपालिका-८ घर भएका ४२ वर्षीय नारायण थामी, सोही नगरपालिका-४ घर भएका २८ वर्षीय रूपक बस्नेत, काभ्रे नमोबुद्ध नगरपालिका-२ पातले गाउँ घर भएका २६ वर्षीय रहर तामाङ, काभ्रे नमोबुद्ध नगरपालिका-३ घर भएका ४६ वर्षीय सुदर्शन तामाङ र उदयपुर त्रियुगा नगरपालिका-१३ घर भएका ३८ वर्षीय राजकुमार राई रहेका छन् । टोखा नगरपालिका-५ स्थितमा अवैध रूपमा सुनौलो रङको कछुवाको कारोबार भइरहेको भन्ने विशेष सूचनाको आधारमा प्रहरी वृत्त महाराजगंजबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त कछुवासहित फेला पारी पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक कारवाहीको लागि जिल्ला वन कार्यालय हात्तिसार काठमाडौं पठाइएको छ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक –जबरजस्ती करणी

मिति २०८०।०४।३२ गते अं. १७:०० बजेको समयमा जिल्ला भक्तपुर मध्यपुर ठिमी न.पा. वडा नं.२ दिवस्वरी प्लानिङ मगर गाँउ आउने उकाली जाने झुपडीमा जाहेरवालीको छोरी बर्ष १७ की परिवर्तित नाम वृत्त ठिमी २७ (६१३) लाई ललाई फकाई जबरजस्ती करणी गरेको भन्ने व्यहोरोको जाहेरी दरखास्त प्राप्त भएकोमा प्रतिवादीलाई पक्राउ गरी सम्पूर्ण अनुसन्धान कार्य सम्पन्न गरी सम्मानित भक्तपुर जिल्ला अदालतमा मुद्दा पेश हुँदा प्रतिवादीलाई सम्मानित भक्तपुर जिल्ला अदालतको मिति २०८०।०५।२५ गतेको आदेशले रु.२,००,०००।– धरौटी माग भएकोमा उक्त धरौटी तिर्न नसकी पुर्पक्षको लागि नख्खु कारागार चलान भएको।

## मुद्दा शीर्षक - ज.ज.क र विद्युतीय अपराध सम्बन्धी कसूर

मिति २०७९।११।०६ गते दिउँसो अन्दाजी ३/४ बजेको समयमा जिल्ला भक्तपुर, भक्तपुर नगरपालिका वडा नं.२ खौमा स्थितमा प्रतिवादी परिवर्तित नाम भक्तपुर २७ (ङ ६) ले पीडित परिवर्तित नाम भक्तपुर २७ (ङ३) लाई आफ्नो घरको आफु बस्दै आएको घर कोठामा लगी राखी पीडितले ईन्कार गर्दा गर्दै जवरजस्ती करणी गरी पीडित परिवर्तित नाम भक्तपुर २७ (ङ३) लाई केही हुदैन म कतै दिदीन भनी जवरजस्ती पीडितको अश्लिल भिडियो समेत खिची पछि पीडित परिवर्तित नाम भक्तपुर २७ (ङ३) को प्रतिवादीले खिचेको अश्लिल भिडियो सामाजिक सञ्जालमा राखी मेरो चरित्र हत्या समेत गरेको हुँदा निज लाई जवरजस्ती करणी र विद्युतीय अपराध सम्बन्धी कसूर मुद्दामा कारवाही गरी पाउँ भन्ने व्यहोराको पीडित परिवर्तित नाम भक्तपुर २७ (ङ३) को जाहेरी दरखास्त प्राप्त भएकोमा प्रतिवादीलाई पक्राउ गरी अनुसन्धानपश्चात सम्मानित भक्तपुर जिल्ला अदालतमा मुद्दा पेश हुँदा सम्मानित अदालतको मिति २०८०।०५।२५ गतेको आदेशले प्रतिवादी परिवर्तित नाम भक्तपुर २७ (ङ ६) लाई पूर्पक्षको लागि बालसुधार गृह भक्तपुर चलान गरिएको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८०।०३।०४ गते अं. १५:०० बजेको समयमा जिल्ला भक्तपुर मध्यपुर ठिमी न.पा. वडा नं.९ बोडे स्थितमा प्रतिवादी होइसल माया पहरीले आफु बस्दै गरेको डेराकोठामा निजको श्रीमान् बैदेशिक रोजगारीको सिलसिलामा रहेको अवस्थामा पर पुरुषसँग शारीरिक सम्पर्क राखी जीवित बच्चा जन्माई सोही दिनको राती अं.२१:०० बजेको समयमा बच्चालाई मारी कर्तव्य गरी निज समेतले बोडे निलबाराही जंगलमा लगी खाल्डो खनी गाडेको भन्ने व्हयोराको जाहेरी दरखास्त प्राप्त भएपश्चात प्रतिवादीलाई पक्राउ गरी सम्पूर्ण अनुसन्धानपश्चात सम्मानित भक्तपुर जिल्ला अदालतमा पेश भएकोमा सम्मानित अदालतको मिति २०८०।०५।३१ गतेको आदेशले होईसल माया पहरी र अनिषा तामाङ पूर्पक्षको लागि जगन्नाथदेवल कारागार चलान भएको।

## मुद्दा शीर्षक – बोक्सी आरोप

मिति २०८०।०३।३१ गते दिनको अं. १३:०० बजेको समयमा र मिति २०८०।०४।०१ गते बिहान अं. ०८:०० बजेको समयमा जिल्ला महोत्तरी पिपरा गा.पा. वडा नं.३ स्थित ऐ.ऐ. बस्ने जाहेरवाली काजल दासलाई निजको श्रीमान ऐ.ऐ. बस्ने बिनोद दास र निज बिनोद दासको जेठी श्रीमती शिला देवी दास समेतले जाहेरवालीलाई बिभिन्न किसिमको गाली गलौज गरी गोठ घरमा थुनी खान लाउन समेत नदिई जाहेरीवालीको कपाल समाती लछार पछार तथा कुटपिट समेत गर्दै बोक्सीको आरोप लगाई शरीरको सम्वेदनशील अंगमा कुटपिट समेत गरेको हुँदा निजहरुलाई पक्राउ गरी कानून बमोजिम कारवाही गरी पाँउ भन्ने ब्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित महोत्तरी जिल्ला अदालतको मिति २०८०।०५।१३ गतेको आदेशले निज प्रतिवादीहरु बिनोद दासको जेठी श्रीमती शिला देवी दासलाई रु.३,००,०००।- (तीन लाख) धरौटी तिरी तारेखमा छाडेको र बिनोद दासलाई पूर्पक्षको लागि कारागार चलान गरेको।

## मुद्दा शीर्षक – ज.ज.क.

मिति २०८०।०४।१३ गते बिहान अन्दाजी ०१:३० बजेको समयमा जिल्ला कपिलवस्तु शिवराज नगरपालिका वडा नं.५ चन्द्रौटा स्थित आधारभूत स्वास्थ्य सेवा अस्पताल चन्द्रौटाको USG कोठामा सोही अस्पतालमा कार्यरत का.स. बर्ष ४३ की हाल परिवर्तित नाम ५१ "क चन्द्रौटालाई जिल्ला कपिलबस्तु शिवराज न.पा.वडा नं.५ चन्द्रौटा बस्ने आधारभूत स्वास्थ्य सेवा अस्पताल चन्द्रौटाका अस्पताल प्रमुख बर्ष ४५ को लेखनाथ पौडेल समेतले डिउटीको क्रममा रहेकी पीडित हाल परिवर्तित नाम ५१ "क चन्द्रौटालाई कोठा भित्र बोलाई लेखनाथ पौडेलले पीडित जाहेरवालीको संवेदनशील अंग देखाउन भनी आफ्नो हाफ पाईण्ट घुँडासम्म झारी USG कोठामा प्रवेश गरी निज लेखनाथ पौडेलले जबरजस्ती करणी गर्ने प्रयास गरेको हुँदा निजहरूलाई पक्राउ गरी कानून बमोजिम गरी पाँउ भन्ने समेत ब्यहोराको परिवर्तित नाम ५१ "क" चन्द्रौटाको मिति २०८०।०४।१४ गतेको जाहेरी दरखास्त प्राप्त भई अनुसन्धानपश्चात सम्मानित कपिलवस्तु जिल्ला अदालतको मिति २०८०।०५।०५ गतेको आदेशले प्रतिवादी लेखनाथ पौडेललाई रू.५,००,०००।– धरौटी र भुवन पाण्डेलाई रू.५०,०००।–धरौटी तोकेकोमा उक्त रकम भुक्तान गरी निजहरु छुटेको।

## मुद्दा शीर्षक – अपहरण शरीर बन्धक, ज.ज.क. र मानब बेचबिखन

जिल्ला कैलाली लम्कीचुहा नगरपालिका वडा नं. १ बस्ने पुरन सुनारले मलाई बिभिन्न प्रलोभन तथा डर त्रास देखाई फकाई मिति २०८०।०४।०३ गते मेरो घरमा आई मेरो हात समाती जबरजस्ती घरबाट ल्याई चिसापानी जाने म्याजिकमा राखी चिसापानी बजारमा रहेको नाम थाहा नभएको होटलमा २ रात बन्धक बनाई राखी मेरो ईच्छा बिपरीत पटक पटक करणी गरी सो स्थानबाट मिति २०८०।०४।०५ गते बिहानको समयमा मलाई थाहा नभएको बिभिन्न स्थानमा लगी बन्धक बनाई राखी मेरो ईच्छा बिपरीत पटक पटक करणी गरी मिति २०८०।०५।०३ गते टिकापुर भएर मलाई भारत लैजाँदै गर्दा नेपाल भारत सिमा नजिकै रहेको साना हात नामक संस्थाको सहयोगमा मलाई उद्दार गरेको हुँदा निज पुरन सुनारलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने ब्यहोराको परिवर्तित नाम ७१ लम्की ११२ ले जाहेरी दरखास्त पेश गरेकोमा अनुसन्धानपश्चात मिति २०८०।०५।२९ गतेको सम्मानित जिल्ला अदालत कैलालीको आदेशले प्रतिवादी पूर्पक्षका लागि थुनामा गएको।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

## नेपाल प्रहरी प्रधान कार्यालय
## अपराध अनुसन्धान विभाग
## नक्साल काठमाडौं

Email: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np